# शिक्षण सेवा

आई सी आई युनिभर्सिटी
पो. ब. नं. ४२४५
काठमाण्डौ, नेपाल

## उत्तर पृष्ठ

### आई सी आई युनिभर्सिटी

विद्यार्थी क्रमसंख्याः ____________

*कृपया सफा तथा स्पष्ट अक्षरमा लेख्नुहोस्ः*

नामः श्री/ श्रीमती/ सुश्री ________________________

न.पा./ गा.वि.स. ______________ वडा ब्लक नं. ____

टोल/ गाउँ ____________ पो.ब. ____ हुलाक ____

जिल्ला ______________ अञ्चल ______________

उमेर ________ व्यवसाय __________ धर्म ________

शैक्षिक योग्यता ______________ मिति __________

**निर्देशनहरूः**

# यस पुस्तकलाई हाम्रो कार्यालयमा फेरि नफर्काउनुहोस्।

# यस उत्तर पृष्ठलाई होशियारीसाथ पुस्तकबाट थुतेर निकाल्नुहोस्।

# यस "उत्तर पृष्ठ" लाई मात्र पठाउनुहोस्।

# यी प्रश्नहरूका उत्तर दिँदा तपाईंले पाठहरू दोहोऱ्याई-दोहोऱ्याई पढ्नुहोस्।

## ठीक वा बेठीक प्रश्न

खण्ड १ : पाठ १-५

*तल दिइएको खाली ठाउँमा ठीक उत्तरको अगाडि "ठी" र बेठीक उत्तरको अगाडि "बे" लेख्नुहोस्।*

___१. शिक्षणचाहिँ अर्को व्यक्तिलाई केही सिक्नका लागि सहायता गर्नु हो।

___२. सबै ठाउँका सबै मानिसहरूकहाँ जानू भनी जब येशूले भन्नुभयो, तिनीहरूलाई शिक्षण गर्ने कुराको उहाँले अर्थ लगाउनुभएको थिएन।

___३. शिक्षण सेवा दिने व्यक्ति परमेश्वर नै हुनुहुन्छ।

___४. बाइबल समयका मानिसहरूलाई सिकाएझैं आज पनि परमेश्वरको वचन हामीलाई सिकाइनु अति नै आवश्यक छ।

___५. परमेश्वरलाई कसरी प्राप्त गर्न सकिन्छ भनी देखाउने कुरा शिक्षण कार्यमा संलग्न गरिएको हुँदैन।

___६. शिक्षण सेवामा परमेश्वरको उद्देश्यचाहिँ खीष्टियान जीवनमा वृद्धि हुनका लागि प्रत्येक व्यक्तिलाई सहयोग पुऱ्याउनु हो।

___७. प्रत्येक व्यक्ति शिक्षक बन्न सक्छ।

## सबैभन्दा ठीक उत्तर छान्ने प्रश्न

*तल दिइएका उत्तरहरूमध्येमा एउटा उत्तर ठीक छ। ठीक उत्तरको अगाड़िको अक्षरमा (○) घेरा लगाउनुहोस्।*

८. शिक्षण हाम्रो दैनिक जीवनको महत्त्वपूर्ण भाग हो, किनकि

___**क**. यस संसारमा जिउनका लागि हामीले धेरै कुराहरू सिक्नुपर्छ।

___**ख**. हामी अरूहरूभन्दा अझै कुशल बन्न चाहन्छौं।

९. एक विद्यार्थीले त्यस बेलासम्म केही सिकेको ठहरिंदैन

___**क**. जबसम्म उसले पढ्न र लेख्न जान्दैन।

___**ख**. जबसम्म सिकेको कुरा उसले कुनै प्रकारमा प्रकट गर्दैन।

१०. येशूले निर्देशन दिनुभएअनुसार हामीले सिकाउन नसक्नुको मुख्य कारण यो हो कि

__**क**. सबै समयमा ठीक कुरा गर्नु अति नै कठिन हुन्छ।

__**ख**. सिकाउनू भन्ने उहाँको आज्ञालाई हामीले स्वीकार गरेका छैनौं।

__**ग**. हामी सबै सिकारुहरू हौं र बाँड्नका लागि हामीसँग केही कुरा पनि छैन।

११. तपाईंको परिवारका सदस्यहरू ख्रीष्टियान बनेको तपाईं चाहनुहुन्छ भने तपाईंले के गर्नैपर्छ?

__**क**. तपाईंले तिनीहरूलाई कुनै प्रख्यात गुरुकहाँ लैजानुपर्छ।

__**ख**. तिनीहरूका कामहरूलाई होशियारसाथ जाँच्नुपर्छ।

__**ग**. तिनीहरूलाई परमेश्वरको वचन सिकाउनुपर्छ।

१२. तपाईंको शिक्षण सेवामा तपाईंको मुख्य सन्देशचाहिँ केको बारेमा हुनुपर्छ?

__**क**. येशू ख्रीष्टद्वारा उद्धार।

__**ख**. आज संसारमा भएका सबै धर्महरू।

__**ग** हाम्रो शारीरिक वृद्धि।

१३. सबै विश्वासीहरूले के पाएको हुनुपर्छ भनी हामीले सिकाउनुपर्छ?

__**क**. पवित्र आत्माको अगुवाइ।

__**ख**. प्रत्येक समस्याका सबै उत्तरहरू।

१४. "सबै ठाउँका सबै मानिसहरूलाई" सिकाउनू भन्ने ख्रीष्टको आज्ञा पालन गर्नका लागि तपाईं कसरी शुरू गर्न सक्नुहुन्छ?

__**क**. परिवार छोड़ेर बाहिर गई सिकाउनु।

__**ख**. ख्रीष्टियानहरूलाई मात्र सिकाउनु।

__**ग**. तपाईंले चिन्नुभएका मानिसहरूलाई सिकाउनु।

*विद्यार्थी प्रतिवेदन – ४*

१५. केटाकेटीहरूलाई परमेश्वरको सत्यता सिकाउँदा हामीले
___**क**. सबै समयमा उही नै प्रणाली प्रयोग गर्नुपर्छ।
___**ख**. सबैले बुझ्न सक्ने किसिमले सिकाउनुपर्छ।

१६. जवानहरूलाई सिकाउँदा केमा ध्यान दिनु महत्त्वपूर्ण छ?
___**क**. तिनीहरूका प्रश्नहरूका जवाफ दिनु।
___**ख**. तिनीहरूलाई तपाईंका कुराहरू सुन्न लगाउनु।
___**ग**. तपाईंका आफ्नै विचारहरू तिनीहरूलाई भन्नु।

१७. धेरै जवानहरूको आत्मिक वृद्धिमा समस्याहरू छन्, किनकि
___**क**. तिनीहरूलाई सिकाइएको कुरा तिनीहरूले बुझ्न सकेनन्।
___**ख**. बयस्कहरूले गरेजस्तै तिनीहरू पनि गर्न चाहन्छन्।
___**ग**. आफू केटाकेटीहरू हुँदा आफूले विश्वास गरेका कुराहरू-लाई अब तिनीहरू प्रश्न गर्न थाल्छन्।

१८. तपाईं येशूको बारेमा सिकाउन सक्नुहुन्छ, जब तपाईं
___**क**. सिद्ध बन्नुहुन्छ।
___**ख**. ख्रीष्टमा वृद्धि भइरहनुभएको हुन्छ।
___**ग**. पापपूर्ण जीवन जिउनुहुन्छ।

१९. तपाईंको जीवन समर्पण गर्नुको अर्थ
___**क**. कुनै उद्देश्यको निम्ति तपाईंको जीवनलाई अलग पार्नु।
___**ख**. विशेष विषयको अध्ययन गर्नु।
___**ग**. पूर्ण समय काम भेट्टाउनु।

**सामान्य प्रश्नहरू – पाठहरू १-५**

*तल दिइएको खाली ठाउँमा ठीक उत्तरको अगाडि "छ" र बेठीक उत्तरको अगाडि "छैन" लेख्नुहोस्।*

___**२०** के तपाईंले पाठ १-५ लाई ध्यानपूर्वक पढ्नुभएको छ?
___**२१** के तपाईंले पाठ १-२ मा सोधिएका तपाईंको अभ्यासको निम्ति भनिने खण्डलाई पूरा गर्नुभएको छ?

___२२ के तपाईंले पाठ ३-५ मा सोधिएको तपाईंको अभ्यासको निम्ति भनिने खण्डलाई पूरा गर्नुभएको छ?

___२३ के तपाईंले तपाईंको अभ्यासको निम्ति भनी सोधिएको खण्डका प्रश्नहरूका जवाफ दिनुभएको छ? के ती उत्तरहरूलाई पाठको अन्तमा दिइएका उत्तरहरूसँग दाँज्नुभएको छ?

___२४ के तपाईंले पाठका उद्देश्यहरूलाई दोहोर्‍याउनुभयो? के उद्देश्यअनुसारको सफलता पनि तपाईंले हासिल गर्नुभएको छ?

## खण्ड २ – पाठ ६-९
## ठीक वा बेठीक प्रश्न

*तल दिइएको खाली ठाउँमा ठीक उत्तरको अगाडि "ठी" र बेठीक उत्तरको अगाडि "बे" लेख्नुहोस्।*

___१. शिक्षक हुनका लागि तपाईंलाई टेबिलको आवश्यकता पर्छ।

___२. आमा-बाबुहरूद्वारा आफ्ना छोराछोरीहरूलाई शिक्षण गर्ने काम परमेश्वरको योजनाको महत्त्वपूर्ण भाग हो।

___३. तपाईंले दिनुहुने सन्देश तपाईंको आफ्नै जीवनको बारेमा हुनुपर्छ।

___४. शिक्षकले मानिसहरूलाई परमेश्वरको सत्यतामा ल्याउँदा उसले परमेश्वरलाई खुशी पारेको हुन्छ।

___५. शिक्षणको प्रणाली महत्त्वपूर्ण छैन।

___६. येशूले पूजाहारीहरूका अधिकारसाथ सिकाउन चाहनुभयो।

___७. हामीले परमेश्वरको अधिकारसाथ सिकाउन सक्छौं।

## सबैभन्दा ठीक उत्तर छान्ने प्रश्न

*तल दिइएका प्रत्येक प्रश्नको एउटै मात्र उत्तर ठीक हुन्छ। ठीक उत्तरको अगाड़िको अक्षरमा (○) घेरा लगाउनुहोस्।*

८. परमेश्वरको वचनको शिक्षक।
- **क**. सिद्ध हुनैपर्छ।
- **ख**. ख्रीष्टियान हुनैपर्छ।

९. इस्राएलीहरूले आफ्ना छोराछोरीहरूलाई परमेश्वरको बारेमा सिकाए
- **क**. दिनमा एक घण्टा।
- **ख**. पढेका कुराहरू तिनीहरूलाई सुनाएर।
- **ग**. आफ्नै जीवनका चालचलनबाट।

१०. केटाकेटीहरूका निम्ति उत्तम हुने शिक्षण तरीकाचाहिँ
- **क**. प्रेम र वास्ता देखाउनु।
- **ख**. के गर्नुपर्ने हो भन्ने बारेमा तिनीहरूलाई बताउनु।
- **ग**. पढ्नका लागि धेरै पुस्तकहरू दिनु।

११. यदि हामी हाम्रो शिक्षणमा प्रभुको आशिष् चाहन्छौं भने हामीले
- **क**. हाम्रो आफ्नै सन्देश सृजना गर्नुपर्छ।
- **ख**. कसलाई सिकाउनु पर्ने हो सो जान्नुपर्छ।
- **ग**. उहाँका सत्यताहरू होशियारपूर्वक सिकाउनुपर्छ।

१२. बाइबललाई अध्ययन गर्दा तपाईंको प्रवृत्ति
- **क**. प्रार्थनापूर्ण हुनुपर्छ।
- **ख**. शङ्कास्पद हुनुपर्छ।

१३. तिमोथीजस्तै गरी हामी जिउनु आवश्यक छ, यसरी हाम्रो जीवन

**क.** जहिले पनि उत्साहित हुन्छ।

**ख.** हाम्रा शिक्षण सुन्नेहरूका निम्ति उदाहरण हुन सक्छ

**ग.** ले परमेश्वरको डर मान्नका लागि अरूहरूलाई प्रेरणा दिन्छ।

१४. जब तपाईं शिक्षण गर्नुहुन्छ, तपाईं निश्चित हुनुपर्छ कि सन्देशचाहिँ

**क.** कठिन छ।

**ख.** बुझिएको छ।

**ग.** मौलिक छ।

१५. हामीले सिकाएका व्यक्तिहरूले सिकिराखेका छन् भन्ने कुरा त्यस बेला हामी जान्दछौं, जब तिनीहरूले

**क.** धेरै प्रश्नहरू सोध्छन्।

**ख.** आफू इच्छुक छौं भनी बताउँछन्।

**ग.** आफ्नो जीवन जिउने तरीकालाई परिवर्तन गर्छन्।

१६. तपाईंले शिक्षण गर्नुहुँदा, के कुराको बारेमा तपाईंले विचार गर्नुपर्छ।

**क.** तपाईंले शिक्षण गर्नुभएका व्यक्तिहरू।

**ख.** जान्नुपर्ने सबै थोकहरू।

**ग.** तपाईं कस्तो देखिनुहुन्छ।

१७. शिक्षणको विशेष प्रणालीको किन आवश्यकता पर्छ?

**क.** उत्तम प्रकारले सन्देश प्रस्तुत गर्नका लागि तपाईंलाई सहयोग पुऱ्याउन।

**ख.** तपाईंले कति राम्रो गरी सिकाउनुहुन्छ भनी अरूहरूलाई देखाउन।

१८. येशूको शिक्षणचाहिँ व्यवस्थाका गुरुहरूका भन्दा कसरी फरक थियो?

क. उहाँ थकित हुनुभएन।

ख. उहाँले विगत दिनका कुराहरूबाट सिकाउनुभयो।

ग. उहाँले अधिकारसाथ सिकाउनुभयो।

१९. तपाईंले सिकाउनुहुँदा, तपाईंले याद गर्नुपर्छ कि तपाईंको अधिकार

क. परमेश्वरको वचनबाट आउँछ।

ख. धेरै अभ्यासबाट आउँछ।

ग. प्रणालीहरूको प्रयोगबाट आउँछ।

## सामान्य प्रश्नहरू – पाठ ६-९

*तल दिइएको खाली ठाउँमा ठीक उत्तरको अगाडि "छ" र बेठीक उत्तरको अगाड़ि "छैन" लेख्नुहोस्।*

__२०. के तपाईंले पाठ ६-९ लाई ध्यानपूर्वक पढ्नुभएको छ?

__२१. के तपाईंले पाठ ६-७ मा सोधिएको तपाईंको अभ्यासको निम्ति भनिने खण्डलाई पूरा गर्नुभएको छ?

__२२. के तपाईंले पाठ ८-९ मा सोधिएको तपाईंको अभ्यासको निम्ति भनिने खण्डलाई पूरा गर्नुभएको छ?

__२३. के तपाईंले तपाईंको अभ्यासको निम्ति भनी सोधिएको खण्डका प्रश्नहरूका जवाफ दिनुभएको छ? उत्तरहरूलाई पाठको अन्तमा दिइएका उत्तरहरूसँग दाँज्नुभएको छ?

यस प्रश्न-पुस्तिकालाई भरिसकेपछि आई सी आईको ठेगानामा हामीकहाँ पठाउनुहोस्। यस पुस्तकको अध्ययनबाट तपाईंले के कुरा सिक्नुभयो, त्यस बारेमा छोटकरीमा लेखी पठाउनुहोस्। धन्यवाद! प्रभुले तपाईंको जीवनमा प्रशस्त आशिष् देऊन्!

# के तपाईं जान्न चाहनुहुन्छ...

- **ख्रीष्टियान शिक्षण के हो?**
- **तपाईंलाई किन सिकाइनुपर्छ?**
- **तपाईं अरूहरूलाई कसरी सिकाउन सक्नुहुन्छ?**
- **अरूहरूलाई सिकाउनका लागि उत्तम प्रणालीहरू?**

यदि यसो हो भने, *शिक्षण सेवा* भनिने यो पुस्तक विशेष गरी तपाईंकै निम्ति लेखिएको हो। यहाँ दिइएका व्यावहारिक सुझावहरूले परमेश्वरको वचनको शिक्षणमा तपाईंका कुशलता-हरू विकास गर्नका लागि तपाईंलाई सहायता पुऱ्याउनेछन्। तपाईंको दैनिक जीवनले परमेश्वरको बारेका कुराहरू अरूहरू-लाई कसरी सिकाउँछन् भन्ने बारेमा पनि तपाईंले सिक्नुहुनेछ।

यस पुस्तकले चाखलाग्दो स्वयम्-अध्ययन प्रणालीलाई अपनाएको हुनाले यसबाट सिक्नलाई सजिलो पर्छ। यसमा उल्लेख गरिएका निर्देशनहरूलाई पालन गर्नुहोस् र अध्ययन गर्दैजाँदा आफूलाई पनि जाँच गर्नुहोस्।

---

III
6

यो चिन्ह अध्ययन क्रमको निम्ति सहयोगी हो। ख्रीष्टियान जीवन क्रमलाई तीन खण्डमा विभाजन गरिएको छ र प्रत्येक खण्डमा ६,६ वटा पुस्तकहरू राखिएका छन्।

*शिक्षण सेवा* भनिने यो पुस्तक खण्ड ३ को छैटौं पाठ्यपुस्तक हो। यी पाठ्यपुस्तकहरूलाई क्रमबद्धरूपमा अध्ययन गर्दा तपाईंले बढ़ी फाइदा उठाउन सक्नुहुनेछ।

1998 1st SG